मिति: ०७६ १० ३

प्रेस विज्ञप्ति

प्रिय पत्रकार साथीहरु,

युवा तथा साना व्यवसायी स्वरोजगार कोषका उपाध्यक्ष डा. प्रेमप्रसाद दंगाल नेपाल सरकारको मिति ०७२ पुस २९ गतेको निर्णय बमोजिम ०७२ फागुन ३ गते पदबहाल गरी आफ्नो ४ वर्षे कार्यकाल पूरा गर्नु भएको छ । उहाँको कार्यकालमा सम्पन्न भएका मुख्य–मुख्य काम, उपलब्धीहरु र नीतिगत परिवर्तन तथा सुधार निम्न बमोजिम रहेका छन् ।

क्र.सं.	मुख्य–मुख्य कामहरु	उपलब्धीहरु र नीतिगत परिवर्तन तथा सुधार
१	नीतिगत सुधार	१. छिटोछरितो ढङ्गबाट कर्जा उपलब्ध गराउने उद्देश्यले द्रुत कर्जा निर्देशिका, २०७३ पारित गरिएको, २. प्रत्येक स्थानीय तहमा लागू गरिने गरी एक तह एक नमुना व्यवसाय निर्देशिका २०७३ पारित गरिएको, ३. स्वरोजगार हुने व्यवसायीहरुको बीमा प्रिमियम दरलाई बीमा समिति र सरोकारवाला निकायसँग छलफल गरी प्राप्त भएको सिफारिस अनुसार मिति २०७३ माघ १ गते देखि लागू हुने गरि बीमा प्रिमियममा परिमार्जन गरि दावी भुक्तानीमा सहजता बनाईएको, ४.ब्याज अनुदान भुक्तानी निर्देशिका २०७४ सञ्चालक समितिबाट पारित गरी कार्यान्वयनमा ल्याईएको, ५. तालिम सञ्चालन निर्देशिका, २०७५ सञ्चालक समितिबाट स्वीकृत भै कार्यान्वनमा ल्याईएको, ६. कोषलाई प्रभावकारी ढंगले सञ्चालन र यसको स्थायित्वका लागि ऐनको अवधारणापत्र स्वीकृत भएको, ७. कोष सञ्चालन नियमवाली २०६५ संशोधनको प्रक्रियामा रहेको, ८. कोषको लगानी, अनुगमन तथा असूली निर्देशिका, २०७५ तयार गरी सञ्चालक समितिमा पेश गरिएको, ९. कोषको लगानी ३ किस्तामा उपलब्ध गराउने व्यवस्था रहेकोमा २ किस्तामा निकासा हुन व्यवस्था गरिएको, १०. बैंक वित्तीय संस्था र सहकारी संस्थालाई र व्यवसायीबाट लिईदै आएको ब्याजदर क्रमश ७ प्रतिशत र १२ प्रतिशतलाई पुनरावलोकन गरी ५ प्रतिशत र १० प्रतिशत कायम गरिएको ११. वित्तीय व्यवस्थापनलाई व्यवस्थित गर्न वित्त शाखामा सफ्टवेर स्थापना गरिएको, १२. कोषको दरबन्दी, संरचनासमेतका विषयमा संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) तयार गरिएको, १३. कोषको प्रदेशस्तरीय कार्यालयहरु स्थापनाका लागि प्रस्ताव अगाडि बढाइएको, १४. लोकसेवा आयोगको प्रतिनिधिसमेत सामेल गरी गठीत पदपूर्ति समितिबाट कर्मचारी तथा स्वयमसेवकको भर्ना गरिएको, १५. कर्मचारी र स्वयमसेवकहरुको मनोवल उच्च बनाउन तलब तथा भत्ता वृद्धि गरिएको, १६. उद्योग वाणिज्य महासङ्घ तथा चेम्वर अफ कमर्शले तालीम संचालनका लागि लिएको पेश्की फछ्र्यौट गरिएको, १७. अनुगमन, कार्यक्रम, तालिम, व्याज अनुदान र असुलीको कामलाई थप व्यवस्थित गर्न सफ्टवेयर तयार गरी एउटै एकीकृत सफ्टवेयर तयार गरिएको, यस कोषको सर्भरमा कार्यालयको वेवसाइट जी.आई.डि.सी.को सर्भरबाट आफ्नै कार्यालयको सर्भरमा ल्याइएको, १८. सूचना दिने सम्बन्धी: प्रत्येक त्रैमासिकमा **PDMS** रिपोर्ट तयार गरी तालुक मन्त्रालयमा पठाउनुका साथै वेबसाईटमा अपलोड गर्ने गरिएको, १९. कार्यलयमा आउने सेवाग्राही तथा फोन, इमेलमार्फत सूचना तथा परामर्श मार्ग्ने सेवाग्राहीहरु तथा पत्रकारहरुलाई नियमति रुपमा मौखिक र लिखितरुपमा सूचना प्रवाह गर्ने गरिएको यसका लागि कोषको सूचना अधिकारीको व्यवस्था गरिएको, २०. कोष संचालक समितिको बैठक १७ पटक बसी विभिन्न नीतिगत निर्णयहरु गरेको, २१. कोषको लगानी, अशुली, वित्तिय व्यवस्थापन तथा अनुसाशन र विनियोजित बजेट खर्च गर्ने कार्य नियमित रुपमा लेखा परिक्षण गर्ने गरिएको र यी सबै कार्यमा आर्थिक वर्ष ०७५/०७६ मा महालेखा परिक्षकको प्रतिवेदनमा राम्रो रुपमा उल्लेख गरिएको, २२. कोषको आयको १ प्रतिशतसम्म कार्यक्रम सञ्चालन र प्रवर्द्धनमा खर्च गर्नसकिने व्यवस्था कोष सञ्चालन नियमावलीमा रहेको भएतापनि मितव्ययी ढंगले कार्यसम्पन्न गरी उक्त रकम बचत मै राखिएको, कोषमा हाल रु. ८० करोड रकम बचतमा रहेको ।
२	कार्यक्रम	मिति २०७२/०५/३०, २०७३/१०/१३ र २०७५/०२/०६ को सूचना बमोजिम १४७१ वटा सहकारी संस्थाहरुलाई रु. ६ अर्व ३ करोड २१ लाख ९० हजार कर्जा स्वीकृत गरिएको, **उक्त लगानीबाट ४६,७४८ जना युवालाई स्वरोजगार बनाईएको ।** **०६६ देखि हालसम्म ९ अर्व ४९ करोड लगानी गरी करिब ७२,६४३ जना युवालाई स्वरोजगार बनाइएको,** **वर्तमान सरकार गठन भएयता रु ३,७९,६५ लाख लगानी गरी २८,६६९ जना स्वरोजगार सिर्जना गरिएको ।**
३	अनुगमन	मिति २०७२/०५/३०, २०७३/१०/१३ र २०७५/०२/०६ गते थोक कर्जाको लागि नयाँ प्रकाशित सूचनामा आधारित प्रस्ताव तथा किस्तासमेत १७४६ वटा सहकारी संस्थाहरुको स्थलगत अनुगमन गरिएको ।
४	असूली	• भाखा नाघेका कर्जा असूली: प्रारम्भीक सहकारी संस्थाहरु र एक करोडभन्दा बढि लगानी भएका सहकारीहरु र बैंक तथा वित्तिय संस्थाहरुबाट भाखा नाघेको कर्जा रु. २९,९०,१६,८५४।- असूली तथा हिसाब मिलान गरिएको • कोषसँग कर्जा सम्झौता गरि भुक्तानी तालिका अनुसार समयमा किस्ता तथा व्याज नबुझाएमा (भाखा नाघेका तथा ननाघेका) ७३५ वटा सहकारीहरुलाई मौखिक तथा टेलिफोनबाट तरताकेता गरिएपश्चात् कतिपय सहकारीहरुले कोषमा

		रकम बुझाएका छन् • सम्झौता अवधि सकिएका सहकारी संस्थाका १३७ वटा सहकारीहरुलाई कोषमा रकम बुझाउनका लागि पत्राचार गरियो • अचल सम्पती रोक्का तथा कर्जा रकमको सुरक्षण: कोषको कर्जा नतिरी भाखा नाघेका तथा नियमित किस्ता नतिरेका प्रारम्भिक तथा एक करोड भन्दा बढी लगानी भएका १५० वटा सहकारीका २०७२ जना पदाधिकारी तथा सदस्यहरुको अचल सम्पत्ती रोक्काको लागि मालपोत कार्यलयमा पत्राचार गरिएका ९७ वटा सहकारीहरुको ५४९ जना पदाधिकारी तथा सदस्यहरुको जग्गा रोक्का भएको छ । बाँकी सदस्यहरुको जग्गा रोक्का भएको जानकारी प्राप्त भइरहेको छ भने ४० वटा सहकारीहरु संस्थाका ३१९ जना पदाधिकारी तथा सदस्हरुको अचल सम्पती फुकुवा गरिएको • कर्जा असूलीका लागि कार्यक्षेत्रमै गई ताकेता गरिएका जिल्लाहरु: सहकारीहरुको स्थलगत अनुगमन तथा निरिक्षणको क्रममा भुक्तानी तालिका अनुसार कोषमा किस्ता तथा व्याज नबुझाउने ३५ जिल्लाका सहकारीहरुलाई कोषको रकम बुझाउन ताकेता गरिएको साथै कोषको रकम तिर्न बुझाउनको लागि लिखित प्रतिबद्धता समेत गराईएको । • स्थानीय तहमा पत्राचार : कोषमा बुझाउनुपर्ने रकम नबुझाएका १०१ वटा सहकारी संस्थाका संचालक समिति, लेखा समिति तथगा ऋण उप समितिका १५५३ जना पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा रोक्काको लागि स्थानीय तहमा पत्राचार गरिएका मध्ये १३ वटा सहकारी संस्थाको १९४ जना सहकारीका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा रोक्का भएको छ • स्थानीय तहमा सेवा सुविधा फुकुवा: कोषमा बुझाउनु पर्ने किस्ता तथा व्याज नबुझाएका १०१ वटा सहकारीपदाधिकारी तथा सदस्यहरुको अचल सम्पती रोक्काको लागि पत्राचार गरिएकोमा ४ वटा सहकारीको ५८ जना सहकारी संस्थाका पदाधिकारी तथा सदस्यहरुको रोक्का भएको सेवा सुविधा फुकुवा गरिएको • सहकारीहरुबाट कोषको रकम चुक्ता: यस आर्थिक बर्षमा कोषमा बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम बुझाई ८६ वटा सहकारीहरुले कोषमा बुझाउनुपर्ने रकम चुक्ता गरेका छन् • कर्जा असूली कार्यलाई तरताकेता गर्न कोषका कानून तथा असूली शाखा प्रमुखको संयोजकत्वमा गृह मन्त्रालय एवम् भूमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रतिनिधी संलग्न भएको असूली सेल गठन भै कार्य गरिरहेको छ **कोषको उद्देश्य अनुरुप कर्जा लगानी नगर्ने, कर्जाको दुरुपयोग गर्ने गरी भाका नघाई कोषको कर्जा फिर्ता नगर्ने सहकारी संघ संस्थाका पदाधिकारीहरुको चल अचल सम्पती (घर जग्गा) रोक्का गर्ने, सरकारी तवरबाट प्रदान गरिने सेवा सुविधा रोक्का गर्ने, कालो सूचिमा राख्ने, राहदानी रोक्का गर्ने जस्ता कानूनी कार्यवाहीहरु अगाडी बढाइएको फलस्वरुप भाका नाघेको कर्जा ५ प्रतिशत भन्दा कम हुनु महत्वपूर्ण उपलब्धी रहेको ।**
५	**बीमा**	• बीमा प्रिमियम वापत भुक्तानी भएको रकम : रु १३,७५,२०,७२१.४३ • बीमित व्यवसायी संख्या : ३३ हजार ७ सय ७७ जना (Online बाट ३४ हजार १ सय २७ जना) • बीमा दावी फर्छ्यौट भएका व्यवसायी संख्या : ४१३ जना • बीमा कम्पनीबाट बीमा दावी क्षतिपुर्ति दिलाएको रकम : रु २,४६,८०,१३०।- • दोहोरो बीमा वापतको रकम रु ४२,१४,७५,७८० बराबरको बीमालेख बीमा कम्पनीको लेखा परिक्षण प्रतिवेदनबाट रद्ध गरिएको पत्र प्राप्त भई सं. प. को क्रममा रहेको **सरोकारवालालाई बीमा सम्बन्धी नीतिगत तथा व्यवहारिकपक्षको तालिम नियमति रुपमा संचालन गरिएको, बीमा दावी फछ्र्यौटलाई आवश्यक समन्वय गरी सहज वनाउने कार्य गरिएको, राष्ट्रिय बीमा कम्पनीले तयार गरेका पोलीसीहरु तथा दावी फछ्र्यौट चशउपछि सम्बन्धित बैंक, वित्तिय संस्था र सहकारीहरुलाई तथा व्यक्तिहरुलाई वितरण गर्ने कार्य गरिएको ।**
६.	व्याज अनुदान	**३९५ वटा सहकारी संस्था मार्फत १२,३८१ जना व्यवसायीलाई रु १२,३१,३१,८६१.८१ व्याज अनुदान वितरण गरिएको**
७	कर्जा व्यवस्थापन शुल्क	**५३३ वटा सहकारीले लगानी गरेका १५,३२८ जना व्यवसायी वापत रु ५०० का दरले रु ७६,६४,०००/ कर्जा व्यवस्थापन शुल्क भूक्तानी गरिएको**
८	कार्यक्रम प्रवर्द्धन	• कोषसँग कारोवार गर्ने सहकारी संस्थाहरुसँग विभिन्न तहमा अन्तरक्रिया तथा सरोकारवाला निकायहरुसँग कोषको काम तथा स्वरोजगार कार्यक्रम सम्वन्धमा विभिन्नस्तर क्षमता अभिबृद्धि तालीम तथा गोष्ठीहरु संचालन गरिएको यसैक्रममा चालु आ.व. मा प्रदेश १ को विराटनगरमा र प्रदेश ५ को बुटवलमा प्रदेश स्तरिय कार्यशाला गोष्ठि सञ्चालन गरिएको, • प्रर्दशनीमा सहभागीता: आ.व. २०७४/२०७५,२०७५/२०७६,२०७६/२०७७, मा सुनसरीमा १, रुपन्देहीमा २ स्याङजामा १, काठमाण्डौमा ४ गरी जम्मा ८ वटा स्टल राखि कोषको कार्यक्रमको बारे प्रचारप्रसार गरिएको
९	तालिम	• आ.व. २०७३/०७४ देखि आ.व. २०७६/०७७ को पुषमसान्त सम्ममा कर्जा सम्झौता गर्नुपूर्व १३०७ सहकारीका २६९१ जना अध्यक्ष र व्यवस्थापकहरुलाई अनुशिक्षण तालिम प्रदान गरिएको • आ.व. २०७०/७१ मा कोषको समन्वयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट संचालित सिपमूलक क्षमता

		अभिबृद्धि तालिममा सहभागि भएका ३१५९ जना व्यवसायिहरुको विवरण प्रविष्टि र अद्यावधिक गरिएको । • आ.व. २०६५/०६६ देखि २०६७/०६८ सम्म नेपाल उद्योग वाणिज्य महासंघले संचालन गरेको अभिमुखिकरण तालिमका सहभागी ३,३४,१५० युवाहरुको विवरण अद्यावधिक गरिएको, • कोषमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि तालीम ४ पटक संचालन गरिएको, • कोषको जिल्लास्थित कार्यरत स्वयमसेवकहरुको क्षमता अभिबृद्धि तालीम ४ पटक संचालन गरिएको
१०	बेरुजु	• उद्योग वाणिज्य महासङ्घले अभिमुखीकरण तालिम सञ्चालन गर्न यस कोषबाट रु. १० करोड ८९ लाख ९८ हजार पेश्कीरकम लिई सो रकम बेरुजु रहेकोमा रु. १० करोड २७ लाख ९८ हजार सम्परीक्षण भई रु. ६२ लाख बाँकी रहेको । • नेपाल चेम्बर अफ कमर्सले यस कोषबाट अभिमुखीकरण तालिम सञ्चालन गर्न रु. ३८ लाख पेश्की लिईकोमा सो रकम बेरुजु रहेकोमा रु. ३८ लाख नै सम्परीक्षण भईसकेको । • उठ्न नसकेको ऋण रु. ११ करोड २५ लाख ६० हजार ५ शय ३ मध्ये रु. ७ करोड ६४ लाख ८८ हजार ७ शय १९ ऋण उठी महालेखापरीक्षणबाट सम्परीक्षण भएको र बाँकी रकम असूलीको लागि कारबाही अगाडि बढाईएको । • हिमालय फाईनान्सले यस कोषबाट रु. १ करोड ५० लाख ऋण लिएकोमा सो संस्था हाल लिक्वीडेशनमा रहेकोले भुक्तानीको प्राथमिकता पाउँ भनी उच्च अदालत, पाटनमा कारबाही अगाडि बढाईएको ।

केही सुझावहरु:

१. कोषलाई प्रभावकारी ढंगले संचालन र यसको स्थायित्वका लागि एउटा छुट्टै ऐनको आवश्यकता रहेको छ,
२. स्वरोजगार सिर्जनाका लागि पर्याप्त लगानी र कार्यक्रम प्रवर्द्धनका लागि पर्याप्त बजेटको व्यवस्था आवश्यक छ,
३. कोषको संरचनालाई प्रदेश र स्थानीय तहसम्म पुऱ्याउनु आवश्यक छ,
४. कोष संचालन नियमावली संशोधनको प्रक्रिया यथासक्य छिटो पुरा हुनु पर्दछ,
५. एकै प्रकृतिको काम गर्ने विभिन्न कोष, निकाय तथा कार्यक्रमहरुलाई एकिकृत गरी स्वरोजगार प्राधिकरणको स्थापना गरिनु पर्दछ ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार
कोष सचिवालय

डा. विष्णु प्रसाद गौतम
कार्यकारी निर्देशक